**कर्णाली प्रदेश सरकार मन्त्रिपरिषदको सम्वत् २०७७ साल बैसाख २६ गतेको बैठकका निर्णयहरुः**

१. मुख्यमन्त्री रोजगार कार्यक्रम (पहिलो संशोधन) निर्देशिका, २०७६ स्वीकृत गर्ने ।

२. भौतिक पूर्वाधार विकास मन्त्रालय कर्णाली प्रदेश, सुर्खेतमा कार्यरत राजपत्राङ्कित द्वितीय श्रेणीका सिनियर डिभिजनल इञ्जिनियर श्री धर्मेन्द्र कुमार झालाई अर्को व्यवस्था नभएसम्मका लागि निजामति सेवा ऐन, २०४९ को दफा १३ बमोजिम निजामति सेवा नियमावली, २०५० को नियम ४६ अनुसार मन्त्रालयको आर्थिक तथा प्रशासनिक अधिकार प्रयोग गर्न पाउने गरी भौतिक पूर्वाधार विकास मन्त्रालयको सचिव पदमा कायम मुकायम मुकरर गरिएको व्यहोरा समर्थन गर्ने र सो को जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई दिने।

३. कर्णाली प्रदेश सार्वजनिक निकायको बैठक तथा कार्यक्रम संचालन कार्यविधि, २०७७ स्वीकृत

४. प्रदेश सभा, कर्णाली प्रदेशको छैटौं अधिवेशन मिति २०७७/०२/११ गते आइतबार दिनको ०३.०० बजे प्रदेश सभा भवन, सुर्खेतमा बस्ने गरि आह्वान गर्न नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिस गर्ने।

५. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ संक्रमण रोकथाम, प्रतिकार्य तथा उपचारलाई प्रभावकारी बनाउन अस्पातालहरुको पूर्वाधार विकास तथा क्षमता अभिबृद्धिको लागि देहाय बमोजिम गर्नेः
(१) प्रदेश सरकार अन्तर्गतका प्रदेश अस्पताल, सुर्खेत, स्वास्थ्य सेवा कार्यालय कालिकोट र स्वास्थ्य सेवा कार्यालय जाजरकोटको लागि ती निकायहरुबाट गरिने कार्यहरुको लागत अनुमान सहितको मागका आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक र उचित बजेट उपलब्ध गराउने।
(२) चौरजहारी अस्पताल, रुकुम पश्चिम र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाको लागि आवश्यक पर्ने रकम आवश्यकता र औचित्यको आधारमा कर्णाली प्रदेश विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने।

६. प्रदेश मन्त्रालयहरुबीचको समन्वय, अभिलेख र प्रदेशको समग्र प्रशासन सञ्चालनलाई अझ सहज बनाउन नेपाल सरकारबाट प्रदेश मन्त्रालयहरुमा खटिने सचिवहरुलाई सोझै मन्त्रालयमा नखटाइ प्रदेश सरकारको केन्द्रीय निकायको रुपमा रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने र प्रदेश सरकारबाट प्रदेश सरकारका मन्त्रालयहरुमा पदस्थापन हुने गरी नेपाल सरकारबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयमा खटाउने व्यवस्था हुनका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने।

७. प्रदेशभित्र संघीय सरकार र प्रदेश सरकारका एउटै प्रकृतिको कार्य गर्ने समान स्वरुपका फरक-फरक कार्यालय तथा निकायहरु रहँदा काममा दोहोरोपना हुने, समान प्रकृतिको कार्यमा समन्वय अभाव रहने, साथै स्रोतसाधनको दोहोरो र अनावश्यक उपयोग समेत देखिने अवस्था रहेकोले प्रदेशको विकास निर्माण सम्बन्धी कार्यमा दोहोरोपना हटाउन, प्रदेशको स्रोतसाधन बृद्धि गरी सेवा प्रवाह र विकास निर्माण कार्यलाई प्रभावकारी बनाउन प्रदेशमा रहेका संघीय सरकारका सेवा प्रवाह र विकास निर्माणसँग सम्बन्धित कार्यालयहरु स्रोतसाधन सहित प्रदेश सरकारलाई हस्तान्तरण गर्न नेपाल सरकारसँग अनुरोध गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ।*